अंक २५
असोज २०७६

शोध-संक्षेप

# पश्चिम तराईमा अधिकारमुखी पैरवीको संस्थागत मूल्यांकन

अधिकांश विकासे संस्थाहरूका लागि "पैरवी" निकै चल्तीको शब्द हो। नीति निर्माणमा प्रभाव पार्ने गरी पैरवी गर्ने सामाजिक संस्थाहरूको संख्या तीनै तह (स्थानीय, प्रदेश र संघ) मा बढ्दो छ। यी संस्थाले क्षमता अभिवृद्धि र सञ्जाल निर्माणसँग पैरवीलाई जोड्ने; तथ्य/प्रमाणमा आधारित अनुसन्धान गर्ने एवं त्यसलाई स्थानीय तथा संघ/केन्द्रका सामाजिक आन्दोलनसँग जोड्ने गर्छन् भन्ने ठानिन्छ। साथै, यी कृयाकलाप मार्फत नागरिक र राज्यबीचको सामाजिक करारलाई मजबुत पार्न योगदान दिन्छन् भन्ने बुझाइ छ। तथापि, अनुसन्धानलाई पैरवीसँग जोड्ने संस्थागत प्रबन्ध/संरचनातर्फ पर्याप्त ध्यान दिइएको देखिँदैन। यो शोध-संक्षेपले पश्चिम तराईका तीन जिल्ला (कपिलवस्तु, नवलपरासी र रुपन्देही) मा भइरहेका अधिकारमुखी पैरवीको अवस्था देखाउँछ। साथै, लोकतन्त्रलाई सवलीकरण गर्न सघाउने स्थानीय तवरका पैरवी-अनुसन्धानलाई मूलत: उपेक्षा गरिएको यसले प्रष्ट्याउँछ। स्थानीय संगठित समूहको अभ्युदय र सवलीकरणलाई यस्तो उपेक्षाले रोक्छ, र सुक्ष्म तहका मुद्दालाई बृहत् तहका मुद्दासँग जोड्नमा बाधा पुऱ्याउँछ।

सन् १९९० पछिका अढाई दशकमा नेपालमा थुप्रै सामाजिक आन्दोलन, माओवादी विद्रोह (सन् १९९६–२००६) एवं मधेस आन्दोलन (सन् २००७, २००८ र २०१५) भए। यिनै आन्दोलन र विद्रोहको जगमा नेपालमा समावेशी र संघीय व्यवस्थाका नयाँ संस्थागत संरचनाहरू प्रारम्भ भए। सन् २०१५ सेप्टेम्बरमा नयाँ संविधान घोषणा हुँदा मधेसका विभिन्न भू-भागमा हिंसात्मक विद्रोह, मानवअधिकार उल्लंघनका घटना र साम्प्रदायिक तनाव उत्पन्न भए। त्यसयता पनि विभिन्न कोणबाट संविधानको वैधानिकतामाथि प्रश्न उठाइँदै आएको छ। मधेस आन्दोलनपछि प्रदेश नं. २ अर्थात् पूर्वी मधेसका मागलाई आंशिक सम्बोधन गरियो। तर, पश्चिमी तराईका उस्तै प्रकृतिका माग सुनुवाइ भएन।[१] त्यसैले, पश्चिम तराईका सामाजिक अभियन्ता (अधिकारकर्मी) र राजनीतिक व्यक्तिहरूसँग संवाद गर्दा उनीहरूभित्र गुम्सिएर रहेको पराजयको तिक्तता अनुभव गर्न सकिन्छ। नयाँ संविधान जारी भएर स्थानीय, प्रादेशिक र संघीय सरकारको समेत चुनाव सम्पन्न भई सरकारहरू समेत गठन भैसकेपछि सन् २००६ पछिको राजनीतिक संक्रमणको एउटा चरण अन्त्य भयो। तथापि, खास गरी अधिकारप्रति जागरुक मधेसी र थारूहरू मानसिक तवरमा सामान्यावस्थामा फर्किसकेका छैनन्।

[१] अलग थरूहट प्रदेशको माग राखेर सुदूर पश्चिमका कैलाली र कञ्चनपुर जिल्लामा थारूले ठूलो आन्दोलन गरेका थिए। तर, अखण्ड सूदुर पश्चिमका समर्थकले ती दुई जिल्लालाई सुदूर पश्चिमका पहाडी भू-भागबाट छुट्ट्याउन दिएनन्।

मार्टिन चौतारी
२७ जीतजंग मार्ग, थापाथली
पो.ब.नं. १३४७०
काठमाडौँ, नेपाल
टेलिफोन: ०१-४२३८०५०
फ्याक्स: ०१-४२४००५९
chautari@mos.com.np
www.martinchautari.org.np

यस्तो परिस्थितिमा पश्चिम तराईमा अधिकारकर्मीहरूले के-कस्तो संस्थागत परिदृश्यमा काम गरिरहेका छन्? के आलोचनात्मक संवादका लागि चाहिने अनुसन्धान क्षमता उनीहरूसँग छ? के उनीहरूसँग खास गरी शान्ति स्थापना, मानवअधिकारको प्रवर्द्धन र सामाजिक न्यायका लागि लड्न आवश्यक ज्ञान र स्रोत छ? विगतका मधेस वा थारू आन्दोलनहरूको अनुभवले हामीलाई नागरिकको असन्तुष्टि अचानक हिंसामा परिणत हुँदा त्यस्तो अवस्थालाई शान्तिपूर्ण हिसाबले सम्बोधन गर्ने कुनै संयन्त्र, पूर्वतयारी हामीसँग छैन भन्ने देखाउँछ । यिनै सामाजिक-राजनीतिक परिवेश र महत्त्वपूर्ण प्रश्नहरूको सेरोफेरोमा यो शोध-संक्षेप केन्द्रित छ ।

"स्थानीय अधिकारकर्मीहरूको अनुसन्धान क्षमता अभिवृद्धि" नामक मार्टिन चौतारीको परियोजना[२] कार्यान्वयनको पहिलो चरण अन्तर्गत पश्चिम तराईका उल्लिखित तीन जिल्लामा अवस्थित शैक्षिक/प्राज्ञिक संस्था (खास गरी क्याम्पस), सामाजिक संस्था (गैर सरकारी संस्था [गैसस] वा एनजीओ) र सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्रको संस्थागत मूल्यांकन गरिएको थियो । विभिन्न संस्थाका आ-आफ्नै पृथक क्षमता हुनाले एउटै तरिकाले मात्र उनीहरूको संस्थागत मूल्यांकन गर्न सम्भव हुँदैन ।[३] संस्थागत मूल्यांकनको उद्देश्य खास गरी पश्चिम तराईका प्राज्ञिक संस्था, सामाजिक संस्था र पत्रकारिता क्षेत्रमा संलग्न पैरवी-अनुसन्धाताहरूको खोजी गर्नु थियो । यसका लागि अपनाइएको विधि कुनै खास संरचनात्मक ढाँचामा सीमित नभई खुला तथा विस्तृत अन्तर्वार्ता र अवलोकनमा आधारित थियो । पश्चिम तराईको आफ्नै सामाजिक-राजनीतिक र संस्थागत सीमितता र विशिष्टताका कारण संस्थागत अवस्थितिको परिभाषामै दुई मुख्य चुनौती आइपरेका थिए ।[४]

पहिलो, अधिकारमुखी पैरवी-अनुसन्धानमा[५] संस्थागत इथ्नोग्राफी[६] को रूपमा बुझिने संस्थागत मूल्यांकनको अवधारणालाई कसरी प्रयोग गर्ने भन्ने थियो । यो पद्दतिमा शुरूमै पूर्ण योजना बनाएर यो-यो यसरी गर्ने भनेर अघि बढ्ने भन्दा सबैका धारणा बुझ्ने, र क्रमिक रूपमा विभिन्न पक्षको विश्लेषण गर्ने गरिन्छ । यस शोध-संक्षेपमा विभिन्न संस्थागत अवस्थितिमा काम गरिरहेका १३ जना अनुसन्धानकर्ताका अनुभवलाई पैरवी-अनुसन्धान सम्बन्धी प्रयोगात्मक तथ्यांकका रूपमा लिइएको छ । "संस्थागत गतिविधि सञ्चालनका क्रममा आइपर्ने सबै मुद्दाबारे पहिले नै थाहा नहुने भएकाले संस्थागत मूल्यांकनको खास विधि हुन सक्दैन । "[७] त्यसैले यो शोध-संक्षेप निश्चित सूचकहरूको प्रयोग नगरीकनै अधिकारमुखी पैरवी-अनुसन्धानको ज्ञानलाई विस्तीर्ण गर्नेतर्फ केन्द्रित छ ।

दोस्रो चुनौती, अधिकारमुखी पैरवी-अनुसन्धानको सन्दर्भमा "संस्था" लाई नै कसरी व्याख्या गर्ने भन्नेमा थियो । यसलाई दुई तरिकाबाट हेर्न सकिन्छ । पहिलो, संस्थालाई सामान्यतया "समाजभित्र हुने खेलको नियम" का रूपमा बुझिन्छ ।[८] तथापि, एउटा आदर्श संस्था बन्न के कस्ता नियम पालना गरेको हुनुपर्छ भन्नेबारे सैद्धान्तिक मतैक्य छैन । विशेषत: अधिकारमुखी पैरवीका सम्बन्धमा संस्था वा व्यक्तिअनुसार नियमहरू फरक फरक हुन सक्छन् । यी नियमहरूलाई संस्थामा अन्तर्निहित सामाजिक सम्बन्धको सीमाले धेरै हदसम्म निर्धारण गरेको हुन्छ । दोस्रो, "संस्थाहरू सामाजिक रूपमा संरचित एउटा जटिल प्रणाली भएकाले यसको मूल्यांकनको साध्य र साधनबारे कार्यान्वयनमै नगइकन यसै भन्न सकिँदैन ।"[९] त्यस बाहेक,

[२] यो परियोजना मार्टिन चौतारीले मधेश मानव अधिकार गृह (माहुरी-होम). कपिलबस्तु सँगको सहकार्यमा सञ्चालन गरेको हो ।

[३] Morgan, Peter and Taschereau Suzanne. 1996. Capacity and Institutional Assessment: Frameworks, Methods and Tools for Analysis. Prepared for Canada International Development Agency Policy Branch. Canadian International Development Agency, Quebec. http://citeseerx.ist.psu.edu/viewdoc/download?doi=10.1.1.119.7536&rep=rep1&type=pdf मा उपलब्ध; मे १२, २०१९ मा हेरिएको ।

[४] सार्वजनिक संस्थाहरूलाई बढी लोकतान्त्रिक बनाउन व्यक्ति (अभियन्ता), नागरिक समाज, गैसस र सार्वजनिक बौद्धिकहरूले सुसूचित हस्तक्षेप गर्न आवश्यक हुन्छ । यस्तो क्षमता देखाउन नसक्ने अवस्था नै "सामाजिक-राजनीतिक र संस्थागत सीमितता" हो । हेर्नुहोस्, Appadurai, Arjun. 2006. The Right to Research. *Globalisation, Societies and Education* 4(2): 167–177.

[५] 'पैरवी' शब्दलाई नागरिक समाज, प्राज्ञिक क्षेत्र, राज्य, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैसस, संघ तथा बौद्धिक जगत बीचमा निश्चित सञ्जाल मार्फत औपचारिक वा अनौपचारिक रूपमा गरिने सूचना आदान प्रदानको रूपमा बुझिनु पर्दछ । विस्तृत जान्न हेर्नुहोस्, Keck, Margaret and Kathryn Sikkink. 2014. *Activists beyond Borders: Advocacy Networks in International Politics*. Ithaca: Cornell University Press.

[६] Smith, Dorothy E., ed. 2006. *Institutional Ethnography as Practice*. Maryland: Rowman & Littlefield.

[७] Lusthaus, Charles, Garry Anderson and Elaine Murphy. 1995. *Institutional Assessment: A Framework for Strengthening Organizational Capacity for IDRC's Research Partners*. Ottawa: International Development Research Centre (IDRC), p. 6.

[८] हेर्नुहोस्, North, Douglass C. 1990. *Institutions, Institutional Change and Economic Performance: Political Economy of Institutions and Decisions*. New York: Cambridge University Press.

[९] हेर्नुहोस्, Lusthaus, Charles, Garry Anderson and Elaine Murphy. 1995. *Institutional Assessment: A Framework for Strengthening Organizational Capacity for IDRC's Research Partners*. Ottawa: IDRC, p. 6.

यदि अन्तर्राष्ट्रिय गैसस (आइएनजीओ) लाई अधिकारमुखी पैरवीका एउटा प्रमुख संस्था मान्ने हो भने उनीहरूले गर्ने पैरवीको प्रभाव सोचेजस्तो नहुन सक्छ भन्ने कुरामा सचेत हुनुपर्छ। पैरवी मूल्यांकनका बहुआयामिक उद्देश्य हुन्छन् । अनि आधारभूत तथ्यांकको प्रायः अभाव हुन्छ र प्रभाव पनि लामो समय लाग्ने र सीधै नापजाँच गर्न कठिन भएकाले प्रारम्भमै सूचकहरू अनुमान गर्न कठिन हुन्छ। त्यस्तै, पैरवीले कसरी नीतिगत परिवर्तन ल्यायो र कस्तो दबाब समूहको प्रयासले गर्दा परिवर्तन सम्भव भयो भनेर ठ्याक्कै भन्न सकिँदैन।[१०]

यस शोध-संक्षेपले पश्चिम तराईका संस्थाहरूको विविधतालाई विभिन्न व्यक्तिको दृष्टिकोणबाट उजागर गर्छ । सामान्यत: ती संस्थालाई यसरी वर्गीकरण गर्न सकिन्छ क) शैक्षिण/प्राज्ञिक संस्था ख) अधिकारमुखी पैरवी समूह (मुख्य गरी गैरसरकारी संस्था) र, ग) सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्र । यी तीनै थरी संस्थाहरू आपसमा परिपूरक पनि छन् । तथापि, संस्थागत मूल्यांकनमा संस्थाको समग्र पक्ष केलाउन सम्भव नभएकाले विभिन्न संस्थागत अवस्थितिमा रहेर अधिकारमुखी पैरवीमा संलग्न भएका अनुभवी अधिकारकर्मीहरूका समग्र सामाजिक-आर्थिक, सांस्कृतिक र राजनीतिक पक्षको यसमा संक्षिप्त अध्ययन गरिएको छ।

सन् २०१७ को डिसेम्बरपछि पश्चिम तराईका तीन जिल्लामा पटक-पटक गएर तथ्यांक संकलन गरिएको थियो। संस्थागत मूल्यांकनका लागि विभिन्न संस्थामा रहेर अधिकारमुखी पैरवी-अनुसन्धाताको छनोट "स्नो बल" नमूना संकलन पद्दतिबाट गरिएको हो। यसका लागि तीन दर्जनभन्दा धेरै व्यक्तिसँग भेटघाट र कुराकानी गरिएको थियो। तीमध्येबाट २२ जनालाई उनीहरूको रुचि र अनुभवको आधारमा अनुसन्धान सम्बन्धी प्रशिक्षण र प्रस्तुतिका लागि आमन्त्रण गरियो। माथि उल्लिखित तीनै थरी संस्थागत परिवेशमा संलग्नहरूमध्येबाट अन्तत: १३ जना छनोट गरियो, जसले मार्टिन चौतारी, काठमाडौं र माहुरी-होम कपिलवस्तुमा आयोजित प्रशिक्षण र लेखन कार्यशालामा भाग लिए। यी सबै अनुभव, अवलोकन तथा पत्रकारिता, पैरवी र शिक्षणमा संलग्न ती १३ जना व्यक्तिसँग गरिएको खुला छलफलमा यो शोध-संक्षेप आधारित छ । अध्ययनका क्रममा आवश्यक जानकारी तथा तथ्यांक विभिन्न संस्थाका वार्षिक प्रतिवेदन, केन्द्रीय तथ्यांक विभाग, समाज कल्याण परिषद्‌बाट प्राप्त तथ्यांक र अन्य द्वितीय स्रोतबाट पनि लिइएको छ । "पैरवी-अनुसन्धान" नियमित हुन्छ, लामो समय लाग्छ र सामूहिक अभ्यास समेत गरिन्छ, जुन माथिका तीनै थरी संस्थागत संरचनामा देखिन्छन् र जसको समग्र परिणामलाई ठ्याक्कै यो वा ऊ कित्ताको भनेर बाँड्न सकिन्न।

अधिकारमुखी पैरवीको संस्थागत परिदृश्यमा प्रवेश गर्नुभन्दा अगाडि अभियन्ताका लागि अधिकारमुखी पैरवीको अर्थ के हो र वकालतका विधि वा औजार के हुन् भन्ने बुझ्नुपर्छ। खास समूह वा समूदायका मुद्दा, अधिकार र आवश्यकताका आधारमा अभियन्ताले पैरवी गर्छन् । नागरिकका के-कस्ता अधिकार खोसिएका छन् भन्ने कुरा उनीहरूलाई थाहा हुन्छ । यसबाहेक, सामान्यजन उपर गरिने दैनन्दिन अन्याय र विभेदलाई उनीहरू उजागर गर्छन् र सोही आधारमा आफ्ना कार्यको समर्थन, मान्यता र वैधता खोज्छन्। त्यसैले यहाँनेर दुइटा कुरा भन्न सकिएला : क) कुन अधिकारको सम्मान गरिएको छैन भन्ने कुरा अभियन्ताले ठम्याउँछन्; ख) त्यस्तो ठम्याइपछि त्यस्तो मुद्दा उजागर गर्न आवश्यक पर्ने उपाय, विधि पनि पहिल्याउँछन्।[११]

पश्चिम तराईको अधिकारमुखी पैरवीलाई बुझ्ने कोसिस गर्ने वित्तिकै व्यक्ति (अभियन्ता) को बुझाइ र समग्र पैरवीको अभ्यासबीच ठूलो खाडल छ भन्ने जानिन्छ। अधिकारमुखी पैरवीलाई अभियन्ता स्वयंले कसरी बुझ्दछन् वा अरूका सामाजिक वास्तविकतालाई कसरी केलाउँछन्? कहिले उनीहरू भावुक हुँदै उग्र विचार पस्कन्छन् तर धेरै जसो समय स्थानीय मुद्दाहरू र साँघुरो सामाजिक-राजनीतिक परिवेशमै रुमलिन्छन्; तिनलाई अलि फराकिलो आँखाले हेर्दैनन्। यो शोध-संक्षेपलाई शैक्षिक/प्राज्ञिक संस्था, गैरसरकारी संस्था र सार्वजनिक बौद्धिक क्षेत्र/पत्रकारिताको अवस्था गरी तीन खण्डमा विभाजित गरिएको छ । शोध-संक्षेपको निष्कर्षमा तीन खण्डको सारांश समेट्नुका अतिरिक्त केही नीतिगत मुद्दा उठाइएको छ।

## शैक्षिक/प्राज्ञिक क्षेत्र

अधिकारमुखी पैरवीको दृष्टिकोणबाट हेर्ने हो भने पश्चिम तराईको प्राज्ञिक क्षेत्रको अवस्था त्यति उत्साहजनक देखिँदैन । यदि मानविकी र समाज विज्ञान[१२] विषयमा हुने अनुसन्धानलाई हेरेर समग्र पैरवी-अनुसन्धानबारे[१३] धारणा बनाउने हो भने यस क्षेत्रको

[१०] Hudson, Allan. 2002. Advocacy by UK-based Development NGOs. *Nonprofit and Voluntary Sector Quarterly* 31(3): 402–418.

[११] Harney, Peter. 2013. Fundamentals of a Rights-based Approach to Advocacy. www.edmundriceinternational.org/?page_id=2682 मा उपलब्ध, मार्च १८, २०१९ मा हेरिएको।

[१२] Nussbaum, Martha C. 2010. *Not for Profit: Why Democracy Needs the Humanities*. New Jersey: Princeton University Press.

[१३] भैरहवा क्याम्पसमा निम्न विषय पढाइ हुन्छ : नेपाली, समाजशास्त्र र मानवशास्त्रमा स्नातकोत्तर; नेपाली, अंग्रेजी, राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास, संस्कृति, जनसंख्या, समाजशास्त्र र मानवशास्त्रमा स्नातक। त्यस्तै, बुटवल बहुमुखी क्याम्पसमा निम्न अनुसारका विषय पढाइ हुन्छ; अंग्रेजी, नेपाली, अर्थशास्त्र, समाजशास्त्र/

स्थिति नाजुक छ । उदाहरणका लागि, कपिलवस्तुमा मानविकी र समाजविज्ञान विषयमा स्नातकोत्तर तहको पढाइ हुने कुनै क्याम्पस छैन । नवलपरासीमा भने २० विद्यार्थी स्नातकोत्तर तहमा भर्ना भएका छन् । तुलनात्मक रूपले रुपन्देहीको अवस्था केही राम्रो छ जहाँ ५२६ विद्यार्थी स्नातकोत्तर तहमा अध्ययनरत छन् । यसमा पनि लगभग दुई तिहाई विद्यार्थी बुटवल बहुमुखी क्याम्पस र भैरहवा क्याम्पसमा नै छन् । जिल्लाको कुल जनसंख्याको अनुपातमा मानविकी र समाज विज्ञानमा भर्ना भएका विद्यार्थीको यो संख्या निकै थोरै हो । यसरी यी तीन जिल्लामा समाज विज्ञान विधामा उच्च शिक्षामा अध्ययन गर्ने जनशक्ति नै कम भएका कारण प्राज्ञिक क्षेत्रबाट पैरवी अनुसन्धानमा लाग्ने जमात पनि निकै सानो हुने नै भयो ।

एकतिर समाज विज्ञानमा स्नातकोत्तर पढाइ हुने क्याम्पस नै कम छन् भने अर्कातिर पढाइ भएका ठाउँमा पनि निकै थोरै विषय पढाइन्छ । उदाहरणका लागि, भैरहवा क्याम्पस र बुटवल बहुमुखी क्याम्पसका मानविकी र समाजविज्ञान विभागको स्नातकोत्तर तहमा नेपाली, अंग्रेजी, अर्थशास्त्र र समाजशास्त्र/मानवशास्त्र विषयमा मात्र पढाइ हुन्छ । विद्यार्थी संख्याको अनुपातमा शिक्षकहरू भने निकै धेरै छन् ।[१४] विशेष गरी स्नातक तहका केही केही विषयहरूमा कक्षा कोठा खाली हुन्छन् । सन् २०१४/२०१५ मा भैरहवा क्याम्पस र बुटवल बहुमुखी क्याम्पसका स्नातक तहको मानविकी र समाजविज्ञानमा क्रमश: १२७ र ३९४ विद्यार्थी भर्ना भएका थिए । यी दुई क्याम्पसमा शिक्षक र विद्यार्थीको अनुपात क्रमश: १:४ र १:६ थियो ।[१५] स्नातकोत्तर तहको यही अनुपात झन् साँघुरो हुन आउँछ ।

यी तथ्यबाहेक हामीले यो पनि सोध्न जरुरी छ, के यो प्राज्ञिक समूहसँग आफ्ना अनुसन्धानमा पैरवी/अभियानलाई अगाडि बढाउन सक्ने क्षमता छ ? के उनीहरू पैरवी-अनुसन्धानका लागि प्रेरित छन् ? प्राज्ञिक र पैरवी-अनुसन्धान दुवै तर्फ खासै रुचि त्यहाँ देखिँदैन । एउटा क्याम्पसमा २–४ घण्टा पढाउँदा आउने पारिश्रमिकले शिक्षकको जीविका चल्दैन । त्यसैले जीविकोपार्जनका लागि उनीहरू दैनिक १२ घण्टासम्म विभिन्न क्याम्पसमा कक्षा लिन धाउँछन् । उनीहरूलाई अनुसन्धान गर्ने समय नै मिल्दैन । अनुसन्धानबारे थोरबहुत रुचि देखाए पनि आफूले गर्न चाहेका अनुसन्धान प्रश्नहरू समेत उनीहरू राम्ररी अभिव्यक्त गर्न सक्दैनन् ।

पढाउनमा मात्रै व्यस्त एकथरी शिक्षक छन् । सामाजिक अनुसन्धानमा न उनीहरू प्रवृत्त छन्, न अनुसन्धानमा लाग्न उनीहरूलाई कुनै प्रोत्साहन छ । एक शिक्षक भन्छन् :

> चाहे ती स्थायी हुन् वा आंशिक, धेरै शिक्षकहरूले स्नातकोत्तर तह पास गर्नुका अतिरिक्त अन्य कुनै अनुसन्धान प्रशिक्षण पाएका हुँदैनन् । तपाईं स्थायी हो भने तपाईंको जागिर सुरक्षित हुन्छ । तर शिक्षकहरूको अनुसन्धान क्षमता अभिवृद्धि गर्ने कुनै कार्यक्रम छैन । तपाईं पीएचडी सहितको स्थायी शिक्षक हुनुहुन्छ भने क्याम्पसले एउटा अनुसन्धान गर्न रु. ४०,००० दिन्छ । यदि क्याम्पसको जर्नलमा लेख प्रकाशन भयो भने रु. २,००० पारिश्रमिक दिइन्छ । तर क्याम्पस बाहिरको जर्नलमा प्रकाशन गर्दा केही पनि पाइँदैन । यही प्रावधान पनि आर्थिक अभावको कारण देखाएर अहिले क्याम्पस प्रशासनले हटाइसक्यो । आंशिक शिक्षकका लागि त अनुसन्धान झन् कठिन छ । स्नातक तहमा पढाए बापत रु. ३६० प्रति कक्षा र स्नातकोत्तरमा रु. ६०० प्रति कक्षा पाउँछन् । त्यसैले उनीहरू पढाउनमा मात्र केन्द्रित हुन्छन् ।[१६]

उनी थप्छन्, "स्थायी शिक्षकले एमफिल वा पिएचडी पढ्न पाउने विदा नै आफैँमा ठूलो उपलब्धि हो ।" शिक्षण पेशामा निर्भरहरूको मुख्य चिन्ता जीविकोपार्जन भएकाले उनीहरूलाई पैरवी-अनुसन्धान गर्न समय नै मिल्दैन ।

क्याम्पसमा अध्यापनरत दोस्रो खाले शिक्षकहरू व्यक्तिगत रुचि र क्षमताका आधारमा सामाजिक आन्दोलनमा सक्रिय छन् । तर, विभिन्न सामाजिक-राजनीतिक र संस्थागत कठिनाइले उनीहरूको प्रयास स्थानीय तवरमै सीमित छ । माथि चर्चा गरिएका पहिलो खाले शिक्षकहरू अधिकारमुखी पैरवी-अनुसन्धानप्रति त्यति आशावादी छैनन्, जसका कारणबारे तल चर्चा गरिन्छ । दोस्रो खाले शिक्षकहरूबाट थोरै भए पनि आशा गर्न सकिन्छ ।

पश्चिम तराईका क्याम्पसहरू पढाइमै मात्र केन्द्रित छन् । अधिकारमुखी पैरवी-अनुसन्धान या त छैन, कतै भए पनि धेरै कमजोर स्तरको छ । अनुसन्धानकर्ताहरू खोज्ने क्रममा हामीले रुपन्देहीका बुटवल बहुमुखी क्याम्पस र भैरहवा क्याम्पसका मानविकी र समाजविज्ञानका शिक्षकलाई सम्पर्क गर्‍यौं । उनीहरूले शुरूमा त

---

मानवशास्त्रमा स्नातकोत्तर; नेपाली, अंग्रेजी, इतिहास, भूगोल, गणित, राजनीतिशास्त्र, ग्रामीण विकास, समाजशास्त्र, अर्थशास्त्र र जनसंख्यामा स्नातक ।

[१४] भैरहवा क्याम्पसमा ३२ जना शिक्षक छन् (१७ स्थायी, ३ करार र १२ अंशिक) र बुटवल बुहुमुखी क्याम्पसमा ६८ जना शिक्षक छन् जसमध्ये ५४ स्थायी, ९ करार र ५ आंशिक रूपमा कार्यरत छन् । हेर्नुहोस्, झा, अनिलकुमार । २०७५ । भैरहवा बहुमुखी क्याम्पसको वर्तमान अवस्था । *क्षितिज : भैरहवा क्याम्पस स्वर्ण स्मारिका २०७५* । कपिलदेव लामिछाने र अरू, सं., पृ. १-१५ । भैरहवा : भैरहवा बहुमुखी क्याम्पस । बुटवल बुहुमुखी क्याम्पसको तथ्यांक क्याम्पसको अप्रकाशित स्रोतबाट लिइएको हो ।

[१५] University Grant Commission (UGC). 2016. *Education Management Information System: Report on Higher Education 2014/15*. Bhaktapur: UGC.

[१६] शिक्षकको नाम नखुलाइएको । व्यक्तिगत कुराकानी, मे ६, २०१९ ।

उत्साह देखाए तर पछि "समय नभएको" लगायत अन्य कारण जनाउँदै विस्तारै पन्छिए। प्रायः गैसस अभियन्ता, पत्रकार र प्राज्ञिक जगत बीचमा स्थानीय पैरवी गर्न पर्ने मुद्दाहरूमै पनि असमझदारी देखियो। व्यक्तिगत पहलमा गरिएका केही अनुसन्धान (अपवाद) बाहेक प्राज्ञिक क्षेत्र अनुसन्धानमा संलग्न छैन, अझ पैरवी अनुसन्धानमा झन् छँदै छैन। नवलपरासीका एक पत्रकार एवं अधिकारकर्मीको प्रतिक्रिया यस्तो थियो, "कुनै पनि सामाजिक आन्दोलनमा शैक्षिक क्षेत्रको योगदान न्यून छ, अथवा छँदै छैन भन्न सकिन्छ।"[१७] पश्चिम तराईको साक्षरता दर राष्ट्रिय औसतभन्दा तल छ। नवलपरासी र कपिलवस्तुमा स्नात्तकोतर शिक्षा लिने दर राष्ट्रिय औसतभन्दा आधा छ।[१८] उच्च दक्षता भएका जनशक्तिको कमी छ। क्याम्पसहरूले प्रतिभाशाली व्यक्तिलाई आकर्षित गर्न सकेका छैनन् र अधिकांश आंशिक शिक्षकको रूपमा कार्यरत छन्।

पुस्तकालयलाई अनुसन्धान क्षमता र ज्ञानको स्रोत सम्मको पहुँचको सूचक मान्ने गरिन्छ तर यस क्षेत्रकै पुरानो सार्वजनिक पुस्तकालयका रूपमा चिनिने बुटवलको महावीर पुस्तकालय लगभग प्रयोगविहीन अवस्थामा छ। यस पुस्तकालयमा धेरै पुस्तक संगृहित छन्। यसको जमिन निजी विद्यालयलाई भाडामा दिइएको छ। त्यस्तै, बुटवल बहुमुखी क्याम्पस र भैरहवा क्याम्पसको पुस्तकालय केवल पाठ्यपुस्तक पढ्न मात्रै विद्यार्थीहरूले प्रयोग गर्छन्। यी दुवै पुस्तकालयमा भएका सामग्री व्यवस्थित छैनन्, जसले गर्दा क्याम्पसमा उपलब्ध सामग्री पनि विद्यार्थीको सहज पहुँचमा छैनन्। बुटवल बहुमुखी क्याम्पसको मानविकी र समाज विज्ञान संकायमा अध्ययनरत एक शोधार्थीले भने, "बुटवल बहुमुखी क्याम्पसको पुस्तकालयको रेफरेन्स खण्डमा नेपाल अध्ययन सम्बन्धी पर्याप्त सन्दर्भ सामग्री भए तापनि ती हाम्रो पहुँचमा छैनन्।"[१९]

[१७] नाम नखुलाइएको। व्यक्तिगत कुराकानी, मे १५, २०१९।

[१८] राष्ट्रिय जनगणना, सन् २०११ का क्रममा संकलित ५ वर्ष वा त्यसभन्दा बढी उमेर समूहको शिक्षा प्राप्ति (कक्षा उत्तीर्ण भएका आधारमा) सम्बन्धी तथ्यांक हेर्दा राष्ट्रिय स्तरमा मुश्किलले १ प्रतिशतले स्नातकोत्तर पूरा गर्छन भने तराईमा ०.६४ प्रतिशतले र पश्चिम तराईमा ०.६३ प्रतिशतले। जिल्लागत आधारमा हेर्दा कपिलवस्तुमा कुल जनसंख्याको ०.४६ प्रतिशत, नवलपरासीमा ०.४७ प्रतिशत र रुपन्देहीमा ०.८४ प्रतिशतले स्नातकोत्तर तह पूरा गरेका छन्। त्यसै गरी जिल्लागत आधारमा क्रमैसँग १.६ प्रतिशत, १.६३ प्रतिशत र २.८८ प्रतिशतले स्नातक तह पूरा गरेको सो जनगणनाको तथ्यांकले देखाएको थियो।

[१९] उनी थप्छन्, "न त शिक्षकहरू अनुसन्धानका लागि गम्भीर छन् न त विद्यार्थी नै। शिक्षक संघ/संगठनसँग आबद्ध केही शिक्षकहरूले आक्कलझुक्कल प्राज्ञिक वा अर्ध-प्राज्ञिक जर्नलको प्रकाशन गर्छन्। तर, तिनले यस्ता जर्नलहरूलाई आफ्नो राजनीतिको पक्षपोषण गर्न प्रयोग गरेका छन्।" (व्यक्तिगत कुराकानी, मे २, २०१९)। प्रकाशित ज्ञानका स्रोतहरू पाउन निकै कठिन छ। यदि कसैको प्रकाशित सामग्री पढ्नु पऱ्यो भने लेखक स्वयंलाई सम्पर्क गर्नुपर्छ।

प्रायः पुस्तकालय पत्रपत्रिका पढ्ने थलोमात्र भएको छ। केही पुस्तकालयको आफ्नै जमिन छ र आफ्नै स्रोतमा चलेका पनि छन्। तौलिहवाको पशुपतिप्रताप पुस्तकालयलाई उदाहरणको रूपमा लिन सकिन्छ। यो पुस्तकालय यस क्षेत्रमा प्रख्यात छ। अवकाशप्राप्त कर्मचारी र सहित्यमा रुचि भएकाहरूले यसलाई सञ्चालन गरेका छन् र पुस्तकालय प्राङ्गणभित्र कहिलेकाहीँ छलफल पनि आयोजना गरिन्छ। नेपाल पत्रकार महासंघ, रुपन्देहीका पूर्व अध्यक्षले भने, "म अध्यक्ष भएपछि अफिसमा पुस्तकालय बनाएँ। धेरैजसो पत्रपत्रिकाको संग्रह भएको यो पुस्तकालय पत्रकारहरूका लागि मात्र थियो। तर, कुनै पत्रकारले पुस्तकालयमा रुचि देखाएनन्। कसैले पुस्तकालयको स्रोतको प्रयोग गरेर कुनै अनुसन्धान गरेनन्।"[२०]

पुस्तकालय लगायत अनुसन्धान पूर्वाधारको दयनीय अवस्थाले नै पश्चिम तराईको प्राज्ञिक क्षेत्रको जीर्ण अवस्था प्रतिविम्बित गर्छ। ज्ञान सशक्तीकरणको माध्यम हो र ज्ञानका पूर्वाधार जस्तैः पुस्तकालय, अनुसन्धान र लेखनमा गरिने लगानीले अनुसन्धान संस्कृतिलाई बलियो बनाउँछ। तर, पश्चिम तराईमा त्यस्ता पूर्वाधार शुन्यप्रायः छन्। रुपन्देहीका एक पत्रकारले भने, "पहिले पठनलाई निषेध गरिँदा पनि मानिसहरू पढ्थे र राजनीतिक मुद्दामा बहस गर्थे। तर, आज पठनमा कुनै निषेध छैन, तैपनि बहसको संस्कृति विलुप्त छ।"[२१]

## गैरसरकारी संस्थाको अवस्था

कमजोर प्राज्ञिक पूर्वधारका कारण पश्चिम तराईका गैससहरूको अधिकारमुखी पैरवी-अनुसन्धानमा पनि प्रतिकूल प्रभाव परेको छ। यहाँका गैससले कुनै जागिरका लागि आवेदन माग्दा यस क्षेत्रका कमै मात्र योग्य उम्मेदवारको निवेदन पर्छ। कपिलवस्तुका एक अनुभवी अधिकारकर्मी बताउँछन्, "स्थानीय स्तरमा क्रियाशील गैससहरूका लागि स्थानीय क्षेत्रमै पढेका र यहींकै अनुभव समेत भएका उम्मेदवार भए धेरै राम्रो हुन्थ्यो। तर त्यस्ता उम्मेदवार पाउनै कठिन छ। कुनै पनि रिक्त पदका लागि बाहिरका उम्मेदवारको मात्र आवेदन आउँछ। बाहिरकाहरू स्थानीय क्षेत्रको वास्तविकताबाट टाढामात्र होइन स्थानीय भाषा समेत बुझ्दैनन्।[२२]

रुपन्देहीमा अवस्थित एक अन्तर्राष्ट्रिय गैससमा काम गर्ने अर्को अभियन्ताले आफ्नो अनुभव यसरी सुनाए :

[२०] व्यक्तिगत कुराकानी, मे १५, २०१९।

[२१] व्यक्तिगत कुराकानी, मे ३, २०१९।

[२२] व्यक्तिगत कुराकानी, मे ५, २०१९।

> आइएनजीओ/एनजीओका काममा कमा र पूर्णविराम पनि माथि नै तय गरिएको हुन्छ । मुश्किलले स्थानीय व्यक्ति र समुदायले आफ्नो सृजनशीलताको प्रयोग गर्न वा भनौं हस्तक्षेप गर्न पाउँछन् । दाताहरू आफूले भ्रमण गर्ने बेलामा स्थानीय जनसमुदाय केही लिनको लागि तम्तयार भएर बसून् भन्ने अपेक्षा गर्छन् । मानौं उनीहरू दाता हुन् र स्थानीय जनसमुदाय उनीहरूको हातबाट केही झरिहाल्छ कि भनेर प्रतिक्षा गरिरहेका मानिस ।[२३]

उनी थप्छन्, “यहाँ कार्यक्रम अनुसार पैसा निर्धारण हुनुपर्नेमा पैसाले कार्यक्रम निर्धारण गर्छ । “यसले ज्ञानको खाडललाई झन् गहिर्‍याएको छ । गैसस अभियन्ताहरू दर्शकमात्र हुन् । निर्णय माथि नै गरिसकिएको हुन्छ र त्यसैलाई स्थानीय अनुसन्धानकर्ताहरूले अनुसरण गर्नुपर्ने हुन्छ ।” उनको निष्कर्ष थियो, “सप्लाई साइड (आपूर्तिकर्ता अर्थात् आईएनजीओ, जसले कार्यक्रमका लागि पैसा दिन्छन्) लाई उत्तरदायी बनाउन डिमान्ड साइड (माग गर्ने पक्ष) लाई सशक्त बनाउन आवश्यक छ । जसले गर्दा स्थानीय अधिकारकर्मीहरू दाताका लागि तथ्यांक जुटाइदिने माध्यममात्र नबनून् । उनीहरूमा अनुसन्धान सँगसँगै तथ्यांकहरू आफैँले केलाउने र व्याख्या/विश्लेषण गर्ने क्षमता पनि वृद्धि होस् ।”

पैरवी-अनुसन्धानका लागि कतैबाट पनि एकीकृत प्रयास भएनन् भन्ने गुनासो पश्चिम तराईका अधिकारकर्मीहरूको छ । नेपालमा थुप्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू छन् तर स्थानीय तहमा किन पैरवी-अनुसन्धान देखिँदैन ? समाज कल्याण परिषद्को तथ्यांकले यस्ता संस्थाहरूको उपस्थिति अत्यन्तै केन्द्रीकृत रहेको देखाउँछ । सन् २०१९ को मध्य सम्ममा समाज कल्याण परिषद्मा दर्ता भएका ४७,००० गैससमध्ये कपिलवस्तुमा ३३५, नवलपरासीमा ६८० र रुपन्देहीमा ५२७ गैससहरू रहेका छन् ।[२४] यो अध्ययनका क्रममा हामीले शुरूमा समाज कल्याण परिषद्ले ती जिल्लामा अनुगमन र मूल्यांकनका लागि छनोट गरेका गैससहरूको सूची तयार पार्न खोजेका थियौँ । परिषद्को नियम अनुसार कुनै संस्थाको २० लाखभन्दा कम बजेट भएका परियोजनाको अनुगमन र मूल्यांकन सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिले गर्छ र सोभन्दा माथिका परियोजनाको अनुगमन र मूल्यांकन मात्रै परिषद्बाट हुन्छ ।[२५]

समाज कल्याण परिषद्को आर्थिक वर्ष २०७२/०७३ र २०७३/०७४ को प्रतिवेदन केलाउँदा यी तीनै जिल्लाका कुनै पनि गैससका परियोजना परिषद्ले अनुगमन गरेको पाइएन । यसले दुवै आर्थिक वर्षमा तीन जिल्लाका कुनै पनि स्थानीय गैससका परियोजनाको बजेट २० लाखभन्दा बढी थिएन भन्ने अनुमान गर्न सघाउँछ । यसबाहेक, आर्थिक वर्ष २०७२/०७३ मा परिषद् मातहत गरिएका १०० परियोजनाको अनुगमन/मूल्यांकनमध्ये ९२ ओटा परियोजना उपत्यका (काठमाडौँ र ललितपुर जिल्ला) मा मुख्य कार्यालय भएका गैससहरूका थिए । त्यस्तै, आर्थिक वर्ष २०७३/०७४ मा अनुगमन/मूल्यांकन गरिएका १५५ परियोजनामध्ये १४३ परियोजना तिनै दुई जिल्लामा आधारित भएर काम गर्ने गैससका थिए । यो तथ्यांकले नेपालमा अन्तर्राष्ट्रिय वा राष्ट्रिय गैरसरकारी संस्थाहरूको गतिविधि कति केन्द्रीकृत छ भन्ने पनि देखाउँछ । पश्चिम तराईमा अहिले कति ओटा सामाजिक संस्था क्रियाशील छन् भन्ने थाहा पाउन कठिन छ । सम्बन्धित जिल्लाबाट पाइने नवीकरणको तथ्यांक र समाज कल्याण परिषद्का अभिलेख त्यस्तो तथ्यांकको प्रमुख स्रोत हुन् । त्यसैले एकीकृत तथ्यांकको अभावका कारण पश्चिम तराईका गैरसरकारी संस्थाहरूको सूची हामीले गैरसरकारी संस्था महासंघको वार्षिक प्रतिवेदनबाट लिएका हौँ । माहुरी-होम सँगको परामर्शपछि तीन जिल्लामा छनोट गरिएका गैससका कार्यालय पुगेर कुराकानी गरिएको थियो । धेरैजसो गैरसरकारी संस्थाको अधिकारमुखी पैरवी सञ्चालन गर्ने क्षमता निकै कमजोर पाइयो । कपिलवस्तुमा एक महिला अभियन्ताले अधिकारमुखी पैरवी बारेको प्रश्नमा भनिन् :

> मलाई पैरवीमा अनुसन्धानको महत्त्वबारे कहिले पनि थाहा भएन । तर हामी पैरवीको कार्यक्रम सञ्चालन गरिरहेका छौँ । हामी जनसमुदायसँगै काम गर्ने अभियन्ता हौँ । हाम्रा पैरवी सम्बन्धी काम अनुसन्धान र लेखनसँग पनि जोड्नु पर्छ भन्ने धेरैपछि मात्र हामीले बुझ्यौँ । यसले विषयलाई छिटो फैलाउने मात्र होइन स्थानीय तहलाई प्रदेश र संघीयसँग पनि जोड्छ ।[२६]

उनी थप्छिन्, “अधिकांश गैरसरकारी संस्थालाई अनुसन्धान महत्त्वपूर्ण छ भन्ने कुरा महसुस नै छैन । हामीले पहिलेदेखि नै जानकारी, सान्दर्भिक तथ्य र फिल्डको अनुभव संकलन गरिरहेका छौँ । यसलाई आधार मान्ने हो भने हामीले सँगसँगै शोध पनि गरिरहेका छौँ ।” उनी अझै अगाडि भन्छिन् :

[२३] व्यक्तिगत कुराकानी, मे ३, २०१९ ।

[२४] समाजकल्याण परिषद्ले उपलब्ध गराएको गैससको सूचीमा आधारित ।

[२५] समाजकल्याण परिषद्मा जिल्लागत वर्गीकरण गरिएको अद्यावधिक तथ्यांक नभएका कारण एक वर्षभित्र २० लाख सम्मको परियोजना सञ्चालन गर्ने गैससका तथ्यांक पाउन कठिन थियो । तैपनि २० लाख भन्दा कमको परियोजनामा अधिकारमुखी पैरवीका लागि सीमित मात्र स्थान थियो भन्ने मान्न सकिन्छ ।

[२६] व्यक्तिगत कुराकानी, मे ३, २०१९ ।

अरूहरूले धेरै पटक हामीसँग कुराकानी गर्छन् । हाम्रा विचार, धारणा र तथ्यांक लिएर त्यसैको आधारमा प्रपोजल (प्रस्तावना) बनाउँछन् । हामी त्यसमा सहभागी हुने मौका पाउँदैनौं । हाम्रो काम जानकारी, तथ्यांक संकलन गर्ने हुन्छ । प्रतिवेदन अरूले नै लेख्छन् जुन हेर्दा हामी आफैं अचम्ममा पर्छौं । विषयमा दख्खल नै नभएको मानिसले प्रतिवेदन लेखेको हुन्छ र एकदमै महत्त्वपूर्ण सरोकारहरूलाई बेवास्ता गरिएको हुन्छ । हामीलाई कसरी लेख्ने भन्ने कुरा थाहा नहोला तर अनुसन्धान कस्तो देखिनुपर्छ भन्ने त थाहा छ नि ।

यस क्षेत्रका अधिकांश गैससका प्रतिनिधिले यस्तै विचार व्यक्त गरेका थिए । अवसर प्रदान गरियो भने पैरवी-अनुसन्धानको विभिन्न चरणमा अर्थपूर्ण रूपमा संलग्न हुन सक्छन् भन्ने पनि उनीहरूले महसुस गरेका छन् ।

## सार्वजनिक बौद्धिक/पत्रकारिता क्षेत्रको अवस्था

सहजताका लागि यहाँ "सार्वजनिक बौद्धिक" शब्दावली प्रयोग गरिएको छ । सामाजिक, सांस्कृतिक, राजनीतिक वैधानिकता भएका र सार्वजनिक वृत्तमा भइरहेका गतिविधिबाट केही सिकिरहने क्षमता भएकालाई यहाँ सार्वजनिक बौद्धिक मानिएको छ ।[२७] सार्वजनिक बौद्धिकमा दरिन सक्ने साहित्यकार, विभिन्न पेशागत संगठन वा सहकारीमा आबद्धहरू भन्दा यस क्षेत्रका पत्रकारहरू विभिन्न सार्वजनिक मञ्च र मिडिया मार्फत बढी आलोचनात्मक संवाद गर्न सक्छन् । त्यसैले अधिकारमुखी पैरवी-अनुसन्धानमा संग्लन पत्रकारलाई सार्वजनिक बौद्धिकको प्रतिनिधिका रूपमा यहाँ लिइएको हो ।[२८]

रुपन्देहीका एक जना पत्रकारले भने, "२०४६ सालको, २०६२/६३ को राजनीतिक परिवर्तनका बेला नागरिक समाज र सार्वजनिक बौद्धिकप्रति निकै सम्मान हुन्थ्यो । तर, अहिले राजनीतिक मुद्दाहरू स्थिर भएकाले नागरिक समाज निकै कमजोर भएको छ ।"[२९] उनी थप्छन् :

राजनीतिक दलहरूले जनअधिकार सम्बन्धी विभिन्न मुद्दा उठाएसँगै यसबारे समाजमा बहसको शुरूआत भएको थियो । तर अहिले बहस हुन छाडेको छ किनभने त्यस बेलाका राजनीतिक दल अहिले आफैं सरकारमा छन् । त्यसैले अधिकारका मुद्दाहरू, मोफसलका मुद्दाहरू कमजोर भएका छन् । स्वतन्त्र भनिएका मिडियाले राजनीतिक पक्षधरता लिइदिंदा अधिकार सम्बन्धी मुद्दाहरू खुम्चन्छन्, नागरिक समाज निम्छरो हुन्छ ।[३०]

पत्रकारहरूको सिक्ने क्षमता/सम्भावना उनीहरूले पैरवी-अनुसन्धान गर्दा सामना गर्ने चुनौतीलाई दुई तरिकाले हेर्न सकिन्छ । पहिलो, पत्रकारले पैरवी-अनुसन्धानलाई कसरी बुझ्छन् भन्ने हो । दोस्रो, आफूले स्थानीय स्तरमा गरिरहेका कामहरू बाहिर प्रभावकारी हिसाबमा प्रसार गर्न लायक छैनन् भन्ने पत्रकारहरू किन ठान्छन् ? रुपन्देहीका एक पत्रकार/अभियन्तालाई उदाहरणको रूपमा लिउँ । उनले सन् २०१५ को मधेस आन्दोलनको समयमा मानव अधिकार उल्लंघन र हिंसाका घटनाहरूबारे विभिन्न रिपोर्टिङ गरेका थिए । भूइँ तहको रिपोर्टिङ र तिनलाई वृहत्तर मानव अधिकारसँग जोडेर गरिने पैरवी-अनुसन्धानको अवस्थाबारे उनी भन्छन् :

दश वर्ष अघिदेखि मैले मानव अधिकार उल्लंघनका घटनाहरूको दस्तावेजीकरण गरिरहेको छु । मसँग विभिन्न अभिलेखहरू र लामो अनुभव हुँदाहुँदै पनि मैले त्यसलाई लामो अनुसन्धनमूलक लेख वा तथ्यमा आधारित लामो लेख लेख्छु भनेर सोचेको छैन । मैले एउटा लेख तयार गर्न खोज्दा थुप्रै चुनौती आए । यहाँको मानव अधिकार उल्लंघनको वास्तविक चित्र पाठकले मैले देखे जस्तै गरी मेरो लेख मार्फत देखून् भन्ने चाहन्छु ।[३१]

उनको कुराले माथि उल्लेख गरेको दास्रो तर्कतर्फ इंगित गर्छ । उनी थप्छन् :

म पनि अभिलेख राख्नुलाई अनुसन्धानको अंश हो भन्ने मान्छु । हामीले विभिन्न घटनालाई पर्याप्त रूपमा फलो-अप गरेका हुन्छौं । अदालत र प्रहरीले कार्यान्वयन गर्ने कानूनी प्रावधान र प्रक्रियालाई झन् बेसी हेर्छौं । मलाई

[२७] Abdi, Ali A. 2016. The Location of the Public Intellectual: Historical and Contemporary Analyses. In *Assembling and Governing the Higher Education Institution: Democracy, Social Justice and Leadership in Global Higher Education.* L. Shultz and M. Viczko, eds., pp.113–130. London: Springer.

[२८] नेपालको नागरिक समाजबारे थप जानकारीका लागि हेर्नुहोस्, Tamang, Seira. 2002. Civilizing Civil Society: Donors and Democratic Space. *Studies in Nepali History and Society* 7(2): 309–353.

[२९] व्यक्तिगत कुराकानी, मे १५, २०१९ ।

[३०] तीनओटा जिल्लाबाट ७८ ओटा पत्रिका प्रकाशित हुन्छन् । यसमा पनि ६९ ओटा रुपन्देहीमा मात्र दर्ता गरिएका छन् । नवलपरासीमा पाँच र कपिलवस्तुमा चार ओटा पत्रिका मात्र दर्ता छन् । तर, दर्ता गरेका सबै पत्रिका सञ्चालनमा छैनन् । कुनै कुनै नियमित रूपमा प्रकाशित हुन्छन् भने कुनै कुनै आक्कलझुक्कल मात्र । प्रेस काउन्सिल नेपालको २०७३/२०७४ को वार्षिक प्रतिवेदन अनुसार रुपन्देहीमा दर्ता भएका ६९ मध्ये जम्मा नौ ओटा (जसमध्ये पाँच ओटा दैनिक पत्रिका) नियमित रूपमा प्रकाशित छन् । देशभर खुलेका कुल ७५२ ओटा अनलाइन न्यूज पोर्टलमध्ये यी तीन जिल्लामा कम्तिमा १० ओटा सञ्चालित छन् ।

[३१] व्यक्तिगत कुराकानी, मे १५, २०१९ ।

रुपन्देहीमा धेरैले चिन्छन् त्यसैले मैले जिल्लामा केही रिपोर्टिङ गरेँ भने पाठकले त्यसलाई सत्य हो भन्ठान्छन् । बाहिरका पाठकलाई भने मैले ठोस प्रमाण पेश गर्नुपर्छ । यहाँका पाठकलाई जसरी म सहज रूपमा लिन्छु त्यसरी बाहिरका पाठकलाई लिन सक्दिनँ । त्यसैले, मैले स्थानीय स्तरमा देखेका घटना, मुद्दालाई बाहिरका पाठकका निम्ति जस्ताको तस्तै उतार्ने काम चुनौतीपूर्ण छ ।

माथिको भनाइले पत्रकारको चिन्तालाई दर्शाउँछ । अधिकार सम्बन्धी मुद्दामा पत्रकार/अभियन्ताको पर्याप्त अनुभव हुँदाहुँदै अनुसन्धान गर्ने क्षमताको अभाव वा अनुसन्धानका विभिन्न चरणमा आवश्यक पर्ने प्रशिक्षण, सीप र सल्लाह पाउने अवसर नहुँदा पैरवी-अनुसन्धान कमजोर बनेको छ । पत्रकारहरू र पैरवी-अनुसन्धान सम्बन्धमा रुपन्देहीका एक पत्रकार भन्छन् :

कुनै घटना विशेषलाई (राजनीतिक, ऐतिहासिक, आदि) कुनै पत्रकारले फलो-अप गर्न सक्छ भने उसले राम्रो पैरवी-अनुसन्धान पनि गर्नसक्छ । फलो-अप गरिरहेको अनुभवको आधारमा किताब नै तयार पार्न सकिन्छ । दुर्भाग्यवश अधिकांश पत्रकारले कमै मात्र फलो-अप रिपोर्टिङ गर्छन् र अभिलेख पनि राख्दैनन् । लामो समय एउटै घटनालाई पछ्याइरहँदा घटनाको बृहत् प्रवृत्ति पहिल्याउन सकिन्छ । तथ्य-तथ्यांक सहितको लामो अनुसन्धानात्मक लेख पनि बन्न सक्छ । केही अपवाद बाहेक मेरो जानकारीमा फलो-अप गरिरहने व्यक्तिहरू रुपन्देहीमा छैनन् ।[३२]

पूर्व-पश्चिम राजमार्गको नवलपरासी खण्डमा नियमित जस्तो भइरहने सडक दुर्घटना सम्बन्धी रिपोर्टिङ गर्ने पत्रकारले फलो-अप सम्बन्धी आफ्नो अनुभव यसरी सुनाए :

शुरूमा मैले सडक दुर्घटना सम्बन्धी नवलपरासी जिल्लामा छोटो रिपोर्टिङ गरेँ । रिपोर्टिङले मलाई थप जिज्ञासु बनायो र मैले सडक दुर्घटनाबारे फलो-अप गर्न थालेँ । ट्राफिक कार्यालयबाट तथ्यांक संकलन गरेँ । फोटो र अन्य जानकारी पनि जम्मा गर्न थालेँ । यसरी जम्मा गर्दै जाँदा मैले धेरै जानकारी बटुलेँ । यसैको आधारमा राजमार्गको नवलपरासी खण्डमा किन यति धेरै दुर्घटना हुन्छ भन्ने विषयमा विस्तारमा समाचार रिपोर्ट लेखेँ ।[३३]

तसर्थ, पत्रकारहरू आफू स्वयंले सिक्न सक्छन् । स-साना अनुसन्धान गर्न र अधिकारमुखी पैरवीमा संलग्न हुन सक्छन् । उपयुक्त तालिम हुने हो भने फलो-अप रिपोर्टिङ गरेका पत्रकारहरूले आफ्ना तिनै अभिलेख, रिपोर्टिङको आधारमा पैरवी-अनुसन्धान गर्न सक्छन् ।

## निष्कर्ष

नेपालको पश्चिम तराईमा अधिकारमुखी पैरवीको संस्थागत अवस्थितिको संक्षिप्त चर्चा यो शोध-संक्षेपमा गरियो । अधिकारमुखी पैरवीबारे विकासे क्षेत्रमा खुबै चर्चा गरिए तापनि नेपालमा अधिकारमुखी पैरवी-अनुसन्धान निकै कमजोर छ । उदाहरणका लागि, अधिकारमुखी पैरवी-अनुसन्धानको पर्याप्त अभ्यास नभएकाले स्थानीय गैससले आफूले पहिले गरेका पैरवी-गतिविधिहरूको उचित अभिलेख राखेका छैनन् । अभिलेखको अभावमा आफूले पहिले गरेका अभ्यास तिनको संस्थागत स्मृतिमा नरहने भएकाले विगतको आफ्नै अनुभवबाट पाठ सिकेर अघि बढ्न सक्दैनन् । फलस्वरूप अनुभवजन्य ज्ञानको प्रसारमार्फत फराकिलो लोकतान्त्रिक वृत्त निर्माणमा बाधा पुगेको छ ।

माथि चर्चा गरिएका तीन किसिमका संस्थागत अवस्थितिका आधारमा निम्न निचोड निकाल्न सकिन्छ : क) शैक्षिक/प्राज्ञिक क्षेत्र अधिकारमुखी-पैरवीबारे प्रतिक्रिया दिन सक्छ, तर पश्चिम तराईको पैरवीको क्षेत्रमा उनीहरूको उपस्थिति कमजोर छ । ख) गैससका कार्यकर्ता, अभियन्ताहरू पैरवी गर्ने उपयुक्त पात्र हुन तर सामाजिक-राजनीतिक र संस्थागत व्यवधानका कारण स्वतन्त्र रूपमा अधिकारमुखी पैरवी गर्न सकिरहेका छैनन् । उनीहरू स्थानीय स्तरका मुद्दालाई केन्द्रसँग जोड्न असफल छन् । र, ग) सार्वजनिक बौद्धिक/पत्रकारहरूको नागरिक समाजका अन्य सदस्य, संस्थासँग जेलिएको सम्बन्धका कारण उनीहरू स्थानीय तवरमा अधिकारमुखी पैरवी वा पैरवी-अनुसन्धान गर्नसक्ने उपयुक्त पात्र भए तापनि उनीहरूले पर्याप्त रूपमा पैरवी गर्न सकिरहेका छैनन् ।

स्थानीय स्तरका अधिकारमुखी पैरवी संस्थाहरू कम छन्, कमजोर छन् र ती संस्थाबीच खासै आपसी संयोजन, सहकार्य छैन । त्यसैले भूइँ तहमा हाम्रो अधिकारमुखी पैरवी/पैरवी-अनुसन्धान कमजोर छ । माथि भने झैँ ठूला परियोजनाहरू (९० प्रतिशत भन्दा बढी) काठमाडौँ उपत्यकामा अवस्थित गैससहरूको अधिनमा छ । तीनै संस्थागत क्षेत्र (शैक्षिक/प्राज्ञिक क्षेत्र, गैसस र सार्वजनिक बौद्धिक/पत्रकारिता) लाई एकअर्कासँग जोड्ने हो भने स्थानीय स्तरमा अनुसन्धानको क्षमता अभिवृद्धि गर्ने उपायहरू पहिल्याउन सकिन्छ । माथिबाट थोपरिने परियोजनाहरूमा केन्द्रित हुनुभन्दा स्थानीय स्तरमा सक्रिय विभिन्न संस्थागत संरचनाका आपसी तालमेलबाट स-साना भए पनि अधिकारमुखी पैरवी केन्द्रित अनुसन्धान गर्न सकिन्छ ।

[३२] व्यक्तिगत कुराकानी, मे १५, २०१९ ।
[३३] व्यक्तिगत कुराकानी, मे १५, २०१९ ।

निचोडमा माथिको छलफलका मुख्य तीन नीतिगत पाठ छन् भन्न सकिन्छ । पहिलो, स्थानीय स्तरमा हुने पैरवी अनुसन्धानको वैधता र अधिकारमुखी पैरवीको क्षमता अभिवृद्धिको प्रमुख शर्त शैक्षिक/प्राज्ञिक संस्था, गैसस र सार्वजनिक बौद्धिक/पत्रकारिता बीचको आपसी सहकार्य हो । दोस्रो, पैरवीमा-अनुसन्धानबाट प्राप्त तथ्य/प्रमाणको प्रयोग नहुँदा पैरवीले जस्तो खालको नीतिगत प्रभाव पार्ने उद्देश्य लिएको हुन्छ त्यो पूरा हुन सक्दैन । तेस्रो, दातृ संस्थाले आफ्ना परियोजना लागू भएका क्षेत्रमा स्थानीय स्तरका विविध खाले संस्थाबीच एक अर्काबाट सिक्ने प्रक्रियामा सहयोग गर्न आवश्यक छ । यसले स्थानीय स्तरमा खटेर पैरवी गर्ने अधिकारकर्मी (वा बेयरफूट रिसर्चर) को अनुसन्धान र प्रकाशनको माध्यमबाट बहस, संघर्ष, विरोध र आवाज उठाउने क्षमतामा वृद्धि गर्छ ।[३४] अनि त्यसपछि मात्र समाजलाई लोकतान्त्रिक तुल्याउँदै "शक्तिको अघि सत्य बोल्न, सत्यलाई शक्तिशाली बनाउन र शक्तिशालीलाई सत्यवान बनाउन" सकिएला ।[३५]

[३४] Dreze, Jean. 2002. On Research and Action. *Economic and Political Weekly* 37(9): 817–819.

[३५] लोकतन्त्रबारे दक्षिण अफ्रिकी कवि जेरेमी क्रोनिनको प्रसिद्ध भनाइ । हेर्नुहोस्, Chandra, Atul. 2005. It's Time for People to Get Empowered. Available at https://timesofindia.indiatimes.com/city/lucknow/Its-time-for-people-to-get-empowered/articleshow/1326247.cms; जुन २०, २०१९ मा हेरिएको ।